# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १६ मितिः २०७९।०९।२५

**भाग - २**

शिवराज नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## मेयर रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को परिच्छेद ६ दफा २४ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले यो **मेयर रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९** जारी गरेको छ ।

# मेयर रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/१४**

**प्रस्तावनाः**

नगरपालिका भित्रका प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न,आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रचलनमा रहेको संघीय कानुनमा भए देखि बाहेक थप कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को परिच्छेद ६ को विविध अन्तर्गत २४ नं. बुँदा अनुसार कार्यविधि बनाउन सक्ने प्रावधान अनुरुप प्रदेश सरकार र स्थानीय तहले कार्यान्वयनमा लागि आ-आफ्नो कार्य क्षेत्रमा लागू हुने गरी आवश्यक कार्यविधि बनाइ कायान्वयन गर्न सक्ने अधिकार स्वरुप यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम मेयर रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७९ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ, नलागेमा यस कार्यविधिमा,

(क) **"ऐन"** भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र दफा भन्नाले उक्त ऐनको दफालाई सम्झनु पर्नेछ।

(ख) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधी अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) **"परिवार"** भन्नाले एक संगोलमा बस्ने पत्नी, अविवाहित छोराछोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु आमा वा सौतेली आमा सम्झनु पर्छ र सो शब्दले निज आफैले पालन पोषण गर्नु पर्ने हजुर बुवा र हजुर आमालाई समेत जनाउँछ।

(घ) **"मन्त्रालय"** भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्दछ।

(ङ) **"बेरोजगार व्यक्ति"** भन्नाले एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तिमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार वर्ष देखि उनान्साठी वर्ष उमेर समूहको नागरिक सम्झनुपर्छ।

(च) **"प्रदेशको सम्बन्धित मन्त्रालय"** भन्नाले प्रदेशमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(छ) **"रोजगार आयोजना"** भन्नाले संघ तथा प्रदेशका विषयगत मन्त्रालय वा निकाय वा स्थानीय तह अन्तर्गत सञ्चालित सार्वजनिक निर्माण वा अन्य सार्वजनिक क्षेत्रका आयोजना वा संघ, प्रदेश र स्थानीय तीनै तहले रोजगारी सिर्जनाका लागि सञ्चालन गर्ने 'कामका लागि पारिश्रमिक' वा 'श्रमिकको ज्यालाको रकममा साझेदारी' मा आधारित आयोजना वा तीनै तहका सरकारले निजी, सहकारी वा गैरसरकारी क्षेत्रसँगको सहकार्य र साझेदारीमा सञ्चालित गरेका रोजगारी सिर्जनाका आयोजनाहरूलाई सम्झनुपर्छ।

(ज) **"रोजगार सेवा केन्द्र"** भन्नाले बेरोजगार व्यक्तिको सूचना संकलन, रोजगारीका अवसरहरूको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्न ऐन बमोजिम स्थापना भएको रोजगार सेवा केन्द्र सम्झनुपर्छ।

(झ) **"रोजगार संयोजक"** भन्नाले रोजगार सेवा केन्द्र सञ्चालन गर्नका लागि ऐनको दफा ४५ बमोजिम करारमा राखिएको कर्मचारी सम्झनुपर्छ।

(ञ) **"लाभग्राही परिचयपत्र"** भन्नाले स्थानीय तहले पहिचान गरी सूचीकृत गरेका बेरोजगार व्यक्तिहरूलाई रोजगारीमा खटाउनु पूर्व प्रदान गर्ने परिचयपत्रलाई सम्झनुपर्छ।

(ट) **"स्थानीय तह"** भन्नाले शिवराज नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद–२
## कार्यक्रमको बारेमा

२.१ **कार्यक्रमको दीर्घकालीन सोचः** रोजगारीको प्रत्याभूति मार्फत शिवराज नगरवासीको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच हुनेछ।

२.२ **कार्यक्रमको लक्ष्यः** आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्नु यो कार्यक्रमको लक्ष्य हुनेछ ।

२.३ **कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्ः

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा प्रदान गर्ने।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने।

(ग) सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रहरूबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने।

(ङ) आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरूको पहिचान गर्ने।

२.४ **कार्यक्रमको रणनीतिः** यस कार्यक्रमको कार्यान्वयन गर्न निम्नानुसारका रणनीतिहरू लिइनेछः

(क) स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरूमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने।

(ख) सीपमूलक तालिम मार्फत बजारको माग अनुरुपको श्रम शक्ति विकास र आपूर्ति गर्ने।

(ग) तालिम, रोजगार सूचना तथा परामर्श र रोजगार तथा स्वरोजगारका अवसरहरूको सिर्जना गर्ने।

(घ) रोजगारी सिर्जनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने।

**२.५ कार्यक्रमको क्षेत्रः**

(क) यो कार्यक्रम स्थानीय तहका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक वा निजि क्षेत्रका आयोजना तथा कार्यक्रमहरूमा सञ्चालन गरिनेछ।

(ख) स्थानीय तह आफ्नो क्षेत्रभित्र यस कार्यक्रमको कार्यान्वयनमा जिम्मेवार हुनेछ।

(ग) यो कार्यक्रम अन्तर्गत रोजगारी सिर्जनाका प्रमुख क्षेत्रहरूमा उत्पादन, निर्माण, सडक, खानेपानी, ढल व्यवस्थापन, सिंचाई, ऊर्जा, सहरी विकास, शिक्षा, स्वास्थ्य, पूनःनिर्माण, पर्यटन, वन, सामुदायिक पूर्वाधार, कृषि तथा सहकारी, सूचना प्रविधि, वातावरण संरक्षण तथा जलवायु अनुकूलन उद्योग तथा प्रतिष्ठान वा रोजगार सिर्जना हुन सक्ने अन्य क्षेत्रलाई लिइनेछ।

**२.६ कार्यक्रमका लक्षित समूहः** यस कार्यक्रमका लक्षित समूह १८ देखि ५९ वर्ष उमेर समूहको बेरोजगार व्यक्ति तथा निजको परिवार हुनेछन्।

## परिच्छेद–३
## रोजगारीको अधिकार

**३.१. रोजगारीको अधिकारः**

(१) प्रत्येक शिवराज वासीलाई रोजगारी पाउने अधिकार हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक नागरिकलाई यो कार्यविधि वा प्रचलित कानूनको अधीनमा रही उचित श्रम अभ्यासको अधिकार हुनेछ ।

**३.२ भेदभाव गर्न नहुनेः** कसैले पनि बेरोजगार व्यक्तिलाई शिवराज नगरपालिकामा कुनै पनि रोजगार दिने सम्बन्धमा प्रचलित कानूनले कुनै खास वर्ग वा समुदायको लागि विशेष व्यवस्था गरेको अवस्थामा बाहेक त्यस्तो व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गर्न हुँदैन।

**३.३. रोजगारीबाट हटाउन नपाइनेः**

(१) रोजगारीमा रहेको व्यक्तिलाई प्रचलित कानून बमोजिम बाहेक बिना कारण रोजगारीबाट हटाउन पाइने छैन।

(२) रोजगारीमा रहेको व्यक्तिलाई लागू हुने सेवा शर्त सम्बन्धी कानून बमोजिम बाहेक रोजगारीबाट हटाएमा त्यसरी हटाइएको व्यक्तिले आफू रोजगारीमा कायमै रहनको लागि कारण सहित सम्बन्धित रोजगार सेवा केन्द्रमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा रोजगार सेवा केन्द्रले रोजगारीमा रहेको व्यक्तिलाई रोजगारबाट हटाउनु पर्नाको कारणबारे आवश्यक जाँच बुझका लागि सम्बन्धित उद्योग तथा प्रतिष्ठानमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पठाएको निवेदन उपर आवश्यक जाँच बुझ गर्दा बिना कारण रोजगारबाट हटाइएको देखिएमा निवेदकलाई काममा लगाई राख्न रोजगारदातालाई सम्बन्धित स्थानीय तहले निर्देशन दिन सक्नेछ।

(५) रोजगार दाताले स्थानिय तहले दिएको निर्देशनको पालना गर्नू पर्नेछ।

## परिच्छेद–४
## रोजगार सेवा केन्द्र

**४.१ रोजगार सेवा केन्द्रः** स्थानीय तह मातहत रही कार्य गर्ने गरी स्थानीय तहमा एक रोजगार सेवा केन्द्र रहनेछ।

**४.२ निवेदन दिनु पर्नेः**

(१) यस कार्यविधि बमोजिम न्यूनतम रोजगारमा संलग्न हुन चाहने शिवराज नगरवासीले आफू सँग भएको सीप, योग्यता वा क्षमता उल्लेख गरी तोकिए बमोजिमको अवधि भित्र तोकिए बमोजिमको ढाँचामा सम्बन्धित रोजगार सेवा केन्द्र वा सम्बन्धित वडा कार्यालयमा आफ्नो विवरण सहित निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर रोजगार सेवा केन्द्रले आवश्यक जाँच बुझ गरी वास्तविक बेरोजगार व्यक्तिको सूची तयार गरी अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

**४.३. जानकारी दिनु पर्नेः**

(१) रोजगार सेवा केन्द्रमा रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११ बमोजिम निवेदन दिएको कुनै व्यक्ति उक्त ऐनको दफा १६ बमोजिम रोजगारीको लागि सिफारिस नहुँदै निजी प्रयासमा अन्यत्र कतै रोजगारीमा संलग्न भएमा वा स्वरोजगारमा लागेमा वा यस ऐन बमोजिम प्रदान गरिने रोजगारीमा सहभागी हुन इच्छुक नरहेमा सो कुराको जानकारी निजले यथाशीघ्र रोजगार सेवा केन्द्रलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कसैले जानकारी गराएमा रोजगार सेवा केन्द्रले त्यस्तो व्यक्तिको नाम बेरोजगार व्यक्तिको सूचीको अभिलेखबाट हटाउनु पर्नेछ ।

**४.४ रोजगारदाताको विवरण राख्नु पर्नेः**

(१) रोजगार सेवा केन्द्रले आफ्नो क्षेत्रभित्र रहेका रोजगारदाताको सूची अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूची अद्यावधिक गर्ने कार्यमा रोजगार सेवा केन्द्रले स्थानीय तहको अतिरिक्त कुनै सरकारी वा गैरसरकारी निकाय वा संघ संस्थालाई सम्बन्धित स्थानीय तह भित्रका रोजगारदातालाई माग गरिए बमोजिमको विवरण उपलब्ध गराउन लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रोजगार सेवा केन्द्रबाट लेखी आएमा सम्बन्धित सबै निकायले आफू अन्तर्गतका रोजगारदाताको विवरण वा आफूले गरी आएको काम र त्यस्तो कामको लागि

आवश्यक पर्ने जनशक्तिको विवरण तोकिएको ढाँचामा रोजगार सेवा केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

**४.५ श्रमिक माग गर्न सक्नेः**

(१) रोजगारदाताले कुनै कार्यका लागि आफूलाई आवश्यक पर्ने श्रमिकको संख्या, योग्यता र अवधि खुलाई सोको सूचना रोजगार सेवा केन्द्रलाई दिनेछ।

(२) रोजगारदाताले कुनै कार्यका लागि स्थानीय स्तरमा आफूलाई आवश्यक पर्ने श्रमिक रोजगार सेवा केन्द्र मार्फत माग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम श्रमिक माग गर्दा तोकिए बमोजिमको ढाँचामा श्रमिकको संख्या, श्रमिकको योग्यता, क्षमता, सीप र कामको प्रकृति खुलाई रोजगार सेवा केन्द्रमा लेखी पठाउनु पर्नेछ।

**४.६ रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकारः** रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने,

(ख) सूचीकृत बेरोजगार व्यक्तिलाई परिचयपत्र वितरण गर्ने,

(ग) स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,

(घ) स्थानीय तह भित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, रोजगार नक्सांकन गर्ने तथा रोजगारीका अवसरको अभिलेखांकन गर्ने,

(ङ) रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने,

(च) रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममा जान सूचित गर्ने,

(छ) बेरोजगारहरूको ज्ञान, सीप, योग्यता, अनुभव, र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी तालिम सञ्चालनका लागि सहजिकरण गर्ने,

(ज) आफ्ना काम कारवाहीको बारेमा नियमित रूपमा सम्बन्धित नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,

(झ) रोजगार सम्बन्धी सरोकारवालालाई अन्य सेवा प्रदान गर्ने।

## परिच्छेद–५
## निर्देशक समिति सम्बन्धी

**५.१ स्थानीय निर्देशक समितिः**

(१) नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको स्थानीय निर्देशक समिति रहनेछः

(क) सम्बन्धित नगर कार्यपालिकाको प्रमुख – अध्यक्ष

(ख) सम्बन्धित नगर कार्यपालिकाको उपप्रमुख – सदस्य

(ग) नगर कार्यपालिकाले तोकेका दुई जना महिला सहित पाँच जना कार्यपालिका सदस्य – सदस्य

(घ) सम्बन्धित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) सम्बन्धित नगरपालिकाको उद्योग वाणिज्य संघको प्रतिनिधि – सदस्य

(च) सम्बन्धित नगरपालिकाको व्यापार संघको प्रतिनिधि – सदस्य

(छ) सम्बन्धित नगरपालिकाको रोजगार संयोजक – सदस्य–सचिव

(२) सम्बन्धित व्यावसायिक संगठनका २ जना प्रतिनिधि आमन्त्रीत गर्न सकिनेछ।

(३) स्थानीय निर्देशक समितिको सचिवालय सम्बन्धित नगरकार्यपालिकामा रहनेछ।

**५.१.१ स्थानीय निर्देशक समितिको बैठकः**

(१) स्थानीय निर्देशक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) स्थानीय निर्देशक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(३) स्थानीय निर्देशक समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) स्थानीय निर्देशक समितिको निर्णय सदस्य–सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(५) स्थानीय निर्देशक समितिको बैठकका कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) स्थानीय निर्देशक समितिले गरेको निर्णयको कार्यान्वयन सम्बन्धित स्थानीय तहको नगर कार्यपालिकाले गर्नेछ ।

**५.१.२ स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित स्थानीय तह भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति नगर कार्यपालिका समक्ष सिफारिस गर्ने,

(घ) स्थानीय तहभित्र सञ्चालित रोजगार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) समितिले दिएको मार्गदर्शन बमोजिम काम गरे/नगरेको अनुगमन गर्ने।

(च) सम्बन्धित रोजगारदाता/उद्योग/प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने।

## परिच्छेद–६
## सरोकारवाला पक्षहरूको भूमिका

**६.१ तोकिएको काम गर्नु पर्नेः** बेरोजगार सूचीमा सूचीकृत व्यक्तिले रोजगार सेवा केन्द्रले खटाएको स्थानमा गई तोकिएको काम गर्नु पर्नेछ। यसरी तोकिएको काम नगरेमा त्यस्तो व्यक्तिलाई ऐनको दफा २२ बमोजिम बेरोजगारको सूचीबाट हटाइनेछ।

**६.२ आचरण र अनुशासनको पालना गर्नु पर्नेः** उपदफा (३) बमोजिम रोजगार आयोजनामा काम गर्दा प्रत्येक श्रमिकले देहाय अनुसारको आचरण र अनुशासनको पालना गर्नु पर्नेछः

(क) समयको पालना गर्ने,

(ख) समूहमा मिलेर काम गर्ने,

(ग) सुपरिवेक्षकको निर्देशन बमोजिम कार्य गर्ने,

(घ) असल आचरण र अनुशासन कायम गर्ने,

(ङ) कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामग्रीहरू लगाउने,

(च) आयोजना स्थलमा खटिएको प्राविधिकले दिएको निर्देशन बमोजिम कार्यस्थल सुरक्षाका उपायहरूको अवलम्बन गर्ने,

(छ) कार्यस्थलमा सहकर्मीसँग वा अन्य कुनै व्यक्तिसँग झै-झगडा नगर्ने नगराउने,

(ज) कार्यस्थलमा साम्प्रदायिक सद्भाव विथोलिने खालका कुनै व्यवहार नगर्ने नगराउने,

(झ) कार्यस्थलमा लैंगिक, जातीय, क्षेत्रीय, धार्मिक, सांस्कृतिक तथा यौनजन्य हिंसा र विभेद नगर्ने नगराउने ।

**६.३ निजी क्षेत्रः** निजी क्षेत्रले आफ्नो जनशक्ति आवश्यकताको पूर्वानुमान गरी सोको जानकारी रोजगार सेवा केन्द्रलाई उपलब्ध गराउने, आवश्यक जनशक्ति सम्भव भएसम्म रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूको सूचीबाट लिने, श्रम बजारको माग अनुसारका तालिम कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा सम्बन्धित तहको सरकार, सहकारी संस्था लगायत सम्भावित रोजगारदाताहरूसँग समेत सहकार्य गर्ने जस्ता कार्यहरू गर्ने छन् ।

## परिच्छेद–७
## बेरोजगार व्यक्तिको सूचीकरण

**७.१ बेरोजगार व्यक्तिको सूचीकरण प्रक्रियाः**

**(१) निवेदन माग गर्नु पर्नेः** रोजगार सेवा केन्द्रले स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरूलाई अनुसूची १ बमोजिको ढाँचामा बेरोजगार दर्ताका लागि निवेदन माग गर्नु पर्नेछ ।

**७.२ निवेदन दिनु पर्नेः** स्थानीय तह भित्रका बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन चाहने व्यक्तिले आफु स्थायी रूपमा बसोबास गरेको वडाको वडा कार्यालयमा वा स्थानीय तहको रोजगार सेवा केन्द्रमा उपदफा (१) बमोजिम आव्हान गरिए अनुरुप बेरोजगार दर्ताको निवेदन दिनु पर्नेछ ।

**७.३ बेरोजगार व्यक्तिको सूची अद्यावधिक राख्नु पर्नेः** रोजगार सेवा केन्द्रले उपदफा (२) बमोजिम प्राप्त निवेदनको पन्ध्र दिन भित्र छानविन गरी बेरोजगार ठहरिएका व्यक्तिहरूको सूची रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरी राख्नु पर्नेछ।

**७.४ लाभग्राही परिचयपत्र वितरण गर्नु पर्नेः** रोजगार सेवा केन्द्रले पहिचान गरी सूचीकृत गरेका बेरोजगार व्यक्तिहरूलाई काममा खटाउनु पूर्व अनुसूची २ बमोजिमको लाभग्राही परिचयपत्र वितरण गर्नु पर्नेछ।

**७.५ बैंक खाता खोल्नु पर्नेः**

(क) रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिले लाभग्राही परिचयपत्र पाउनु पूर्व अनिवार्य रूपमा बैंक खाता खोल्नु पर्नेछ।

## परिच्छेद–८
## संरचनागत व्यवस्था

**८.१ स्थानीय तहः**

(१) यस कार्यक्रमको कार्यान्वयनमा स्थानीय तहको क्षेत्र भित्र रहेका बेरोजगार व्यक्ति र रोजगारदाताको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने,स्थानीय तहको बजेट तथा कार्यक्रमबाट स्थानीय रोजगारी सिर्जना गर्ने र तथ्याङ्कको साझेदारी, कार्यक्रमको अनुगमन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

(२) यस्तो जिम्मेवारी निर्वाह गर्न स्थानीय तहले देहाय बमोजिमका कार्यहरू गर्नु पर्नेछः

**(अ) नगर कार्यपालिका**

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिम आफ्नो क्षेत्रभित्रका बेरोजगार व्यक्तिहरूको तथा रोजगारदाताहरूको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने गराउने,

(ख) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहभित्र रोजगारी सिर्जनालाई प्राथमिकता दिने,

(ग) प्राविधिक रुपले मेशिनको प्रयोग नगरी नहुने काम बाहेकका स्थानीय आयोजनाहरूको निर्माण श्रममूलक प्रविधिको प्रयोगबाट गर्ने नीति स्वीकृत गरी कार्यान्वयन गर्ने,

(घ) वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सिर्जना हुने रोजगारीमा रोजगार सेवा केन्द्रबाट बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत श्रमिक माग गरी काममा लगाउने,

(ङ) रोजगार सेवा केन्द्रलाई आवश्यक निर्देशन दिने तथा यसको प्रभावकारी सञ्चालनका लागि आवश्यक सहयोग, सहजीकरण र समन्वय गर्ने,

(छ) बेरोजगार व्यक्तिहरूको पहिचानमा सिर्जना हुने विवादका सम्बन्धमा रोजगार सेवा केन्द्रबाट पेश भई आएकोमा विस्तृत अध्ययन गरी अन्तिम निर्णय दिने,

(ज) नियमित कार्यक्रम अन्तर्गतका आयोजनामा सिर्जना भएका रोजगारीका अवसरहरू सूचिकृत बेरोजगार व्यक्तिहरूका लागि पर्याप्त नभएमा थप रोजगारी सिर्जना गर्न कामका लागि पारिश्रमिक ढाँचामा छुट्टै रोजगार आयोजनाहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

**(आ) नगर कार्यपालिकाको योजना शाखा/महाशाखा**

(क) स्थानीय तहका आयोजनाहरूमा रोजगारी सिर्जना सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) नियमित कार्यक्रम बाहेक रोजगारी सिर्जनाका विशेष कार्यक्रमहरू विकास गरी कार्यान्वयन गर्ने,

(ग) यो कार्यक्रम कार्यान्वयनमा रोजगार सेवा केन्द्रसँग आवश्यक समन्वय, सहयोग र सहकार्य गर्ने,

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको यस कार्यक्रमसँग सम्बन्धित अन्य कार्यहरू सम्पादन गर्ने ।

८.२ **वडा कार्यालयहरूः** यो कार्यक्रमका सम्बन्धमा वडा कार्यालयले देहायका कार्यहरू गर्नेछन्ः

(क) वडाभरीका बेरोजगार व्यक्तिले बेरोजगार व्यक्तिको सूचीमा दर्ताका लागि दिएको निवेदन संकलन गर्ने र रोजगार सेवा केन्द्रमा बुझाउने,

(ख) बेरोजगार व्यक्तिको पहिचान प्रक्रिया र रोजगारी प्रदान गर्ने प्रक्रियामा सिर्जना भएका गुनासाहरूको संकलन गरी रोजगार सेवा केन्द्रमा बुझाउने,

(ग) नगर कार्यपालिकाले यस कार्यक्रमका सम्बन्धमा जिम्मा दिएका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद–९
## क्षमता विकास र रणनीतिक संचार

९.१ **तालिम सञ्चालन गर्नेः**

(१) स्थानीय तहले यो कार्यक्रम अन्तर्गत निजी क्षेत्रमा रोजगारीको माग अनुरुपको जनशक्ति विकास गर्न आवश्यक सीप तथा क्षमता विकास तालिमहरू सञ्चालन गर्नु गराउनु सक्ने छन।

९.२ **निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेः** तालिम सञ्चालन गर्दा उद्योग वाणिज्यसँग सम्बन्धित निकायका जिल्ला इकाई र सम्बन्धित उद्यमी व्यवसायीहरूको प्रतिनिधि समेतको सहभागिता र सहकार्यमा गर्नु पर्नेछ।

९.३ **सम्झौता गर्नु पर्नेः** यसरी तालिम सञ्चालन गर्नु पूर्व व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानले सम्बन्धित उद्यमीहरूसँग तालिम प्राप्त मानव स्रोतलाई रोजगारीमा लिने सम्बन्धमा दफा ३५ को उपदफा (२) बमोजिमको कबुलियतनामा सहितको सम्झौता गर्नु पर्नेछ।

**९.४ सैद्धान्तिक र व्यवहारिक दुवै ज्ञान सिकाउनु पर्नेः** तालिम दिंदा सैद्धान्तिक र व्यवहारिक दुवै ज्ञान सिकाउनु पर्नेछ। व्यवहारिक सिकाइका लागि आवश्यकता अनुसार श्रमिकलाई सम्बन्धित उद्योग एवं कलकारखानामै काममा प्रत्यक्ष संलग्न गराएर सिकाउनु पर्नेछ।

**९.५ तालिमको लागतमा साझेदारी गर्न सकिनेः** व्यावसायिक तथा सीप विकास प्रतिष्ठानले यस दफामा गरिएको व्यवस्था बमोजिम माग भई आएका तालिमको सञ्चालन गर्न लाग्ने लागतमा सम्बन्धित उद्योगहरूको समेत निश्चित प्रतिशत साझेदारी गराउन सक्नेछ।

**९.६ अभिमुखीकरण कार्यक्रमः**

(१) सार्वजनिक निर्माणका कार्यमा रोजगारी दिने आयोजनामा श्रमिकलाई खटाउनु पूर्व उनीहरूलाई सम्बन्धित रोजगार सेवा केन्द्रले स्थानीय स्तरका तालिम संस्थाहरूसंगको सहकार्यमा अभिमुखीकरण दिने व्यवस्था गर्नु पर्नेछ ।

(२) अभिमुखीकरणको पाठ्यक्रम देहाय बमोजिम हुनेछः

(क) मेयर रोजगार कार्यक्रमको उद्देश्य र प्रकृति,

(ख) सम्बन्धित रोजगार आयोजनाको परिचय र कार्य,

(ग) कामको जिम्मेवारी र कार्यसम्पादन गर्ने विधि वा तरिका,

(घ) हाजिरी, पारिश्रमिक तथा अन्य सेवा सुविधा,

(ङ) कार्यस्थल जोखिम र कार्यस्थल सुरक्षाका आधारभूत विषयहरू,

(च) प्राथमिक स्वास्थ्यसँग सम्बन्धित विषयहरू र प्राथमिक उपचारका विषयहरू,

(छ) कार्यस्थलमा हिंसा, आचरण र अनुशासन सम्बन्धी विषय,

(ज) कामको प्रकृति र स्थान विशेषको आधारमा आवश्यक हुने अन्य विषयहरू।

**९.७ तालिम प्रदायक संस्थाः**

(१) यो कार्यक्रम अन्तर्गतका जुनसुकै तालिम कार्यक्रम सञ्चालन गर्दा व्यावसायिक तथा सीपमूलक तालिम प्रतिष्ठान आफैले वा स्थानीय तहका तालिम प्रदान गर्ने निकाय मार्फत वा निजी तालिम प्रदायक संस्था मार्फत वा साझेदारीमा सञ्चालन गर्न गराउन सक्नेछ।

(२) तालिम प्रतिष्ठान बाहेक अन्य संस्थाबाट संचालित तालिमको ढाँचा, पाठ्यक्रम र मापदण्डको निर्धारण र अनुगमन गर्ने जिम्मेवारी तालिम प्रतिष्ठानको हुने।

**९.८ लक्षित समूह र तालिमका मोड्युलः**

(१) यस दफा बमोजिम प्रदान गरिने तालिमका लक्षित समूह रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरू हुनेछन् ।

(२) तालिमका मोड्युलहरू तालिम आवश्यकता पहिचान भइ सके पछि आवश्यकता अनुसार विकास गरी कार्यान्वयन गर्ने जिम्मा तालिम प्रतिष्ठान र सम्बन्धित नगर कार्यपालिकाको हुनेछ।

(३) तालिम प्रतिष्ठान र नगर कार्यपालिकाहरूले तालिमको लक्षित समूह निर्धारण गर्दा र मोड्युल तय गर्दा आ-आफ्नो क्षेत्र भित्रका निजी क्षेत्र तथा गैर सरकारी संस्थाहरूसँगको सहकार्य र साझेदारीमा गर्नु पर्नेछ।

**९.९ रणनीतिक संचारः**

**(१) सूचना संप्रेषणः** यस कार्यक्रमको विषयमा आम नागरिक एवं अन्य सरोकारवालालाई जानकारी गराउन रेडियो, टेलिभिजन, लघु चलचित्र, वेभसाइट तथा अन्य श्रव्य दृष्य विद्युतीय माध्यम, पत्रपत्रिका, ब्रोशियर तथा बुकलेट, आयोजना वडापत्र, सामाजिक सञ्जाल आदि मार्फत सूचना, जानकारी, सन्देश तथा कार्यक्रमहरूको प्रशारण र प्रकाशन गर्न सकिनेछ ।

**(२) अन्तरक्रिया, छलफल, गोष्ठी तथा सेमिनारः** यस कार्यक्रमको लागि राय सुझाव संकलन गर्न, कार्यक्रमको मूल्याङ्कन तथा पुनरावलोकन गर्न, प्रचार प्रसार र सचेतीकरण गर्न स्थानीय तह समन्वय र ले आवश्यकता अनुसार सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल, गोष्ठि तथा सेमिनार सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद–१०
## उद्योग तथा प्रतिष्ठान

**१०.१ उद्योग तथा प्रतिष्ठानः**

(१) शिवराज नगरपालिका भित्र सञ्चालित उद्योग तथा कलकारखानाहरुले स्थानीय बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा प्राथमिकता दिनु पर्नेछ।श्रमिकरुलाई नेपाल सरकार वा स्थानीय सरकारले तोकेको न्यूनतम ज्याला रकम नघटाई भुक्तानी गर्नु पर्नेछ।

(२) नगरपालिकाको रोजगार सेवा केन्द्रले उपलब्ध सूचिकृत बेरोजगार नागरिक मध्येबाट स्थानीय पूर्वाधार निर्माण कार्य वा अन्य सरकारी कार्यमा रोजगारी दिने व्यवस्था मिलाईनेछ। सूचिकृत बेरोजगार नागरिकलाई नगरपालिकाभित्र सञ्चालित उद्योगहरुसंग समन्वय गरी रोजगारी उपलब्ध गराउन पहल गरिनेछ।

(३) नगरपालिकाले माग गरेको खण्डमा आफ्नो क्षेत्रभित्र सञ्चालित उद्योग तथा कलकारखानाहरुले रोजगारीमा संलग्न जनशक्तिको विवरण लगायत अन्य तथ्याङ्क उपलब्ध गराउनु पर्नेछ।

(४) शिवराज नगरपालिका भित्र सञ्चालित उद्योग तथा प्रतिष्ठाहनरुले नगरपालिका रोजगार सेवा केन्द्रसंग समन्वय गरि सुचिकृत बेरोजगार व्यक्तिहरुलाई उनिहरुको योग्यता, सिप तथा क्षमता अनुसारको रोजगारी प्रदान गर्नुपर्नेछ।शिवराज नगरपालिका भित्र सञ्चालित उद्योग तथा प्रतिष्ठानमा दक्ष,अर्धदक्ष र दक्ष व्यक्तिको रुपमा कार्य गर्ने न्युनतम ५० प्रतिशत जनशक्ति शिवराज नगरपालिकाका नागरीक मध्येबाट राखु पर्नेछ।

(५) जनशक्ति/श्रमिक अनिवार्य रुपमा शिवराज नगरपालिकाको बासीन्दा हुनु पर्नेछ।

(६) नगरपालिकाले उद्योग तथा प्रतिष्ठानलाई आवश्यक जनशक्ति उपलब्ध गराउन नसकेको खण्डमा मात्र उक्त उद्योग तथा कलकारखानाले सोहि ५० प्रतिशत पदमा जनशक्ति भर्ना गर्न सक्नेछन।

(७) रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई नगरपालिकाभित्र सञ्चालित उद्योग तथा कलकारखानामा काम गर्न आवश्यक शैक्षिक योग्यता पुगेको खण्डमा र केहि सीपको आवश्यकता भएमा नगरपालिकाले सोहि जनशक्तिको सीप विकासमा पहल गर्नेछ। साथै, उद्योग कलकारखानाले पनि सो कार्यमा सहजिकरण र सहयोग गर्नु पर्नेछ।

(८) बेरोजगार व्यक्तिहरुलाई उद्योग तथा कलकारखानाहरुमा काममा लगाउदा प्राथमिक उपचार, सुरक्षा सामाग्री लगायतका सावधानिका उपायहरु उद्योग तथा कलकारखानाले व्यवस्थापन गर्नु पर्नेछ।

(९) नगरपालिका भित्र सञ्चालित उद्योग तथा कलकारखानाहरुले यो कार्यविधिको पालना गरी रोजगारी प्रदान गर्नु पर्नेछ। यस कार्यविधि अनुसार रोजगारी प्रदान नगरेमा नगरपालिकाबाट प्रदान गरीने सेवा सुविधा प्रदान गर्न नगरपालिका बाध्य हुने छैन।

(१०) रोजगार दाताले उपदफा (४) मा भएको व्यवस्थाको कार्यन्वयन गरे/नगरेको सम्बन्धमा उद्योग/प्रतिष्ठान रहेको वडामा सम्बन्धित वडा अध्यक्षले अनुगमन गर्न सक्नेछ र सो उपदफाको कार्यन्वयन नगरेको पाइएमा सोको जानकारी रोजगार सेवा केन्द्रमा दिने छन।

## परिच्छेद–११
## विविध

**११.१ अनुगमन तथा निरीक्षणः** नगरपालिका भित्र सञ्चालित उद्योग कलकारखाना तथा आयोजनाहरुको स्थानीय तहले नियमित अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिन सक्नेछ ।

**११.२ नियम बनाउने अधिकारः** स्थानीय तहले यस ऐनको कार्यान्वयन गर्न आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ।

**११.३ नीतिगत निर्णय, निर्देशन र समन्वयः**

(१) यस कार्यक्रमको सम्बन्धमा आ-आफ्नो क्षेत्राधिकार भित्र आवश्यक नीतिगत निर्णय गर्ने, निर्देशन दिने र समन्वय गर्ने जिम्मेवारी स्थानीय तहमा रहने निर्देशक समितिको हुनेछ।

**११.४ बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्नेः** स्थानीय तहले यस कार्यविधि विपरित नहुने गरी यस कार्यक्रम सञ्चालनमा आइपर्ने बाधा अड्काउ फुकाउन वा कुनै द्विविधा परेमा व्याख्या गर्न सक्नेछ।

**११.५ अनुसूचीमा हेरफेर गर्न सक्नेः** स्थानीय तहले यस कार्यविधिको अनुसूचीहरूमा आवश्यक हेरफेर गर्न सक्नेछ।

**११.६ अन्यः** यस कार्यविधिमा आवश्यक अन्य विधि, प्रक्रिया तथा अनुसुचिहरु देहाय बमोजिमका कानुन अनुसार हुने छनः

- रोजगारीको हक सम्बन्धि ऐन, २०७५
- रोजगारीको हक सम्बन्धि नियमावलि, २०७५
- बेरोजगार सुचि निर्धारण तथा प्रमाणिकरण मार्ग दर्शन,२०७६ लगायत अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसूची-१**
**(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)**
**न्यूनतम रोजगारमा संलग्न हुन चाहने**
**बेरोजगार व्यक्तिले दिने निवेदनको ढाँचा**

(मिति २०७५।१२।०४ गतेको मा.मन्त्रीस्तरको निर्णयानुसार संशोधित)

मितिः...........................

श्री.........नं. वडा कार्यालय,
शिवराज नगरपालिका, जिल्ला कपिलवस्तु

रोजगारीको हक सम्बन्धी ऐन,२०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहद्वारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु।

१. नाम, थर ..........................................................

२. लिङ्गः क) पुरुष      ख) महिला      ग) अन्य

३. पारिवारिक विवरणः

(अ) वर्ग/समूहः तपाईं आफूलाई कुन वर्ग/समूहमा राख्न रुचाउनु हुन्छ ? छान्नुहोस्)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क) आदिवासी जनजाति | ख) दलित | ग) बैश्य | घ) मुसलमान | ङ) ब्राह्मण | च) क्षेत्री | छ) मधेशी | ज) अन्य... |

आ) अल्पसंख्यक समूदायः हो/होइन

इ) लोपोन्मुख जनजातीः हो/होइन

ई) सीमान्तकृत वर्गः हो/होइन (यदि हो भने, अति सीमान्तकृत वर्गः हो/होइन)

(उ) परिवारको संख्याः जम्माः ............... महिलाः .......... पुरुषः ....................

१८-५९ उमेर समूहको सदस्य संख्याः ..........................

(ऊ) परिवारमा अपाङ्गता भएका सदस्यः छ/छैन (यदि छ भने उल्लेख गर्नुहोस)

१. नामः ........... ................ उमेरः........... अशक्तताको प्रकृतिः पूर्ण अशक्त/अति अशक्त/ मध्यम/सामान्य

२. नामः ........... ................ उमेरः........... अशक्तताको प्रकृतिः पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

(ऐ) आवेदक गर्भवती वा सुत्केरी भएकी महिला भएमा उल्लेख गर्ने ।

गर्भवती ........(महिना) वा सुत्केरी भएमा .......(महिना)

४. स्थायी ठेगानाः प्रदेश ............. जिल्ला ................ न.पा./गा.पा..................... वडा नं ......

५. अस्थायी ठेगानाः प्रदेश ............. जिल्ला ................ न.पा./गा.पा.................... वडा नं ......

६. सम्पर्क विवरण (उपलव्ध भएसम्म) फोन/मोबाइल नं. ................. ईमेल ............................

७. प्राथमिकता क्रम निर्धारण प्रयोजनका लागि आवश्यक थप विवरणः

| | | |
|---|---|---|
| क) कृषि उत्पादनले वर्षमा ३ महिनासम्म खान (कृषिमा आश्रित परिवारको सदस्य भएमा) | पुग्छ | पुग्दैन |
| ख) बसोवासका लागि आफ्नै घर | भएको | नभएको |
| ग) घरमूली एकल महिला | हो | होइन |
| घ) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य | हो | होइन |
| ङ) परिवारमा काम गर्ने उमेर (१८–५९) समूहको र काम गर्न सक्ने शारीरिक अवस्था भएको परिवारको सदस्य | छ | छैन |

८. आवेदकको कामको अनुभव सम्बन्धी विवरण

| कार्यक्षेत्र | पद | काम गरेको अवधि | | संस्था (यदि भएमा) |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |

९. परिवारका सदस्य र रोजगारीको अवस्था (निवेदक सहित)

| नाम | निवेदक सँगको नाता | नागरिकता/रा.प.प. सम्बन्धी विवरण | | | जन्म मिति | शैक्षिक योग्यता (निरक्षर,साक्षर, आधारभूत, एस.एल.सी, उच्च मा.वी.स्नातक वा सो भन्दा वढि) | हाँसिल गरेको सीप | | रोजगारीको अवस्था (देश/स्वरोजगार/बेरोजगार) | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट नियमित रूपमा कुनै सहयता लिईरहेको/नरहेका |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ना.प्र.नं./रा.प.नं. | जारी मिति | जारी जिल्ला | | | सीपको | (दक्ष, अर्धदक्ष, अदक्ष) | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

१०. वार्षिक पारिवारिक आयः रु........................... (अक्षेरेपी ............................................)

११. काम गर्न चाहेको क्षेत्र (एकभन्दा बढी क्षेत्रहरू छनौट गर्न सकिने)

| कृषि, सहकारी तथा पशु विकास | उर्जा, सिंचाइ तथा नदी नियन्त्रण | खानेपानी तथा सरसफाई | वन तथा वातावरण | पर्यटन प्रवर्द्धन | सडक यातायात | शिक्षा, युवा तथा खेलकुद | पुनः निर्माण | सामुदायिक पूर्वाधार निर्माण | ठूला तथा राष्ट्रिय गौरवका आयोजना | सूचना तथा संचार प्रविधि | उद्योग स्वास्थ्य अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

१२. काममा खटिन चाहेको सम्भावित समय ...................देखि.................... सम्म

१३. बैङ्क खाताको विवरण (उपलव्ध भएमा) बैङ्कको नामः ........................................................

ठेगानाः ..................................................... खाता नंबरः ................................................

खाताको प्रकार ........................................................

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुठा ठहरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला भनी सहिछाप गर्ने ।

निवेदकको सही
मितिः

**अनुसूची–२**
**(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)**
**श्रमिक माग गर्ने निवेदनको ढाँचा**

श्री रोजगार सेवा केन्द्र मितिः शिवराज नगर कार्यपालिका, जिल्ला कपिलवस्तु ।
कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं........स्थित मेरो ................. कम्पनी/उद्योग/फर्मलाई कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं. ......... मा काम गर्न तपशिल बमोजिमका श्रमिकहरू आवश्यक भएकोले बेरोजगार सूचीमा रहेका व्यक्तिहरू मध्येबाट श्रमिक उपलब्ध गराईदिनु हुन यो निवेदन पेश गरेको छु ।

१. रोजगारदाताको नाम र ठेगानाः सम्पर्क नं............................
२. रोजगारदाताको उद्योग/व्यवसायको प्रकृतिः उत्पादनमूलक/सेवामूलक
३. काम गर्नुपर्ने क्षेत्रः ......................(वन, कृषि, उद्योग, अन्य...................)
४. आवश्यक कामदारको प्रकृतिः दक्ष/अदक्ष

| सि.नं. | श्रमिकको पद | आवश्यक संख्या | | कार्य विवरण छोटकरीमा | आवश्यक न्यूनतम शैक्षिक योग्यता र सीप | काम उपलब्ध हुने समयावधि (दिनमा खुलाउने) |
|---|---|---|---|---|---|---|
| | | दक्ष | अदक्ष | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

रोजगारदाताको दस्तखतः

कार्यालयको छापः

मितिः

**अनुसूची-३**
**(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)**
**रोजगारदाताको विवरण**

१. रोजगारदाताको नाम र ठेगानाः सम्पर्क नं.......
२. रोजगारदाताको उद्योग/व्यवसायको प्रकृतिः उत्पादनमूलक/सेवामूलक/अन्य (..........)
३. जनशक्तिको दरबन्दी संख्याः
४. हाल रिक्त रहेको जनशक्तिको प्रकृति र आवश्यक योग्यताः
५. रोजगारी उपलब्ध गराउन सक्ने स्थानः
    क. गाउँ कार्यपालिका/नगर कार्यपालिकाः
    ख. वडा नं.
    ग. जिल्लाः
६. कामको प्रकृतिः स्थायी/अस्थायी/करार/दैनिक ज्यालादारी
७. एक आर्थिक वर्षमा रोजगारी प्रदान गर्न सक्ने अवधिः एक सय दिनसम्म/दुई सय दिनसम्म/तीन सय पैंसठ्ठी दिनसम्म

रोजगारदाताको दस्तखतः

रोजगारदाताको कार्यालयको छाप

मितिः

**अनुसूची ४**
**(दफा १८ को उपदफा (४) सँग सम्बन्धित)**
**लाभग्राही परिचयपत्र**
**पहिलो पाना**

फोटो

**लुम्बिनी प्रदेश, कपिलवस्तु**
**शिवराज नगरपालिका**
**लाभग्राही परिचयपत्र**

नामः
ठेगानाः
नागरिकता/राष्ट्रिय परिचयपत्र नं.
परिचयपत्र जारी मितिः
प्रमाणित गर्ने कर्मचारीको हस्ताक्षरः

**दोश्रो पाना**

पारिवारिक विवरणः

| संकेत नम्बर | नाम | लाभग्राहीसँगको नाता | नागरिकता प्रमाणपत्र नम्बर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**तेस्रो पाना**

रोजगारीको विवरणः

| काम गरेको आयोजनाको नाम | अवधि | | कामको प्रकृति | प्रमाणित गर्ने आयोजना प्रमुख | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## चौथो पाना

रोजगार आयोजनामा काम गर्दा प्रत्येक श्रमिकले देहाय अनुसारको आचरण र अनुशासनको पालना गर्नु पर्नेछः

(क) समयको पालना गर्ने,

(ख) समूहमा मिलेर काम गर्ने,

(ग) सुपरिवेक्षकको निर्देशन बमोजिम कार्य गर्ने,

(घ) असल आचरण र अनुशासन कायम गर्ने,

(ङ) कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामाग्रीहरू लगाउने,

(च) आयोजना स्थलमा खटिएको प्राविधिकले दिएको निर्देशन बमोजिम कार्यस्थल सुरक्षाका उपायहरूको अवलम्बन गर्ने,

(छ) कार्यस्थलमा सहकर्मीसँग वा अन्य कुनै व्यक्तिसँग झैझगडा नगर्ने नगराउने,

(ज) कार्यस्थलमा साम्प्रदायिक सद्भाव विथोलिने खालका कुनै व्यवहार नगर्ने नगराउने,

(झ) कार्यस्थलमा लैंगिक, जातीय, क्षेत्रीय, धार्मिक, सांस्कृतिक तथा यौनजन्य हिंसा र विभेद नगर्ने नगराउने ।

## अनुसूची ५
### (दफा २० को उपदफा (१) सँग सम्बन्धित)
### रोजगारमूलक आयोजनाले रोजगार सेवा केन्द्रमा
### श्रमिक माग गर्ने फाराम

श्री रोजगार सेवा केन्द्र, मितिः..........................

.....................गाउँपालिका/नगरपालिका ।

.....................जिल्ला...........................गाउँपालिका/नगरपालिकामा अवस्थित ..................... योजनालाई................जिल्ला...................गाउँपालिका/नगरपालिका वडा नं............... मा काम गर्न तपसिल बमोजिमका श्रमिकहरू आवश्यक भएकोले त्यहाँ बेरोजगार सूचीमा रहेका व्यक्तिहरू मध्येबाट श्रमिक उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

१. आयोजनाको नाम र ठेगानाः
२. आयोजना सञ्चालन गर्ने निकायः
३. काम गर्नुपर्ने क्षेत्रः .............................(वन, कृषि, निर्माण, अन्य........)
४. आवश्यक श्रमिकको प्रकृति

| सि.नं. | श्रमिकको पद | आवश्यक संख्या | | कार्य विवरण छोटकरीमा | आवश्यक न्यूनतम शैक्षिक योग्यता र सीप | काम उपलब्ध हुने समयावधि (दिनमा खुलाउने) |
|---|---|---|---|---|---|---|
| | | दक्ष | अदक्ष | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आयोजना प्रमुखको दस्तखतः

कार्यालयको छापः

मितिः

**अनुसूची ६**
**(दफा २३ सँग सम्बन्धित)**
**निजी, सहकारी तथा गैरसरकारी संस्थाहरूले**
**रोजगार सेवा केन्द्रमा श्रमिक माग गर्ने फाराम**

श्री रोजगार सेवा केन्द्र मितिः ....................
शिवराज नगरपालिका, कपिलवस्तु ।

कपिलवस्तु जिल्ला शिवराज नगरपालिका अवस्थित मेरो .................................... कम्पनी/उद्योग/व्यवसाय/फर्मलाई कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं...... मा काम गर्न तपशिल बमोजिमका श्रमिकहरू आवश्यक भएकोले त्यहाँ बेरोजगार सूचीमा रहेका व्यक्तिहरू मध्येबाट उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

१. रोजगारदाताको नाम र ठेगानाः
२. सम्पर्क नम्बर .......................... ई–मेल ...............................................
३. रोजगारदाताको उद्योग/व्यवसायको प्रकृतः उत्पादनमूलक/सेवामूलक
४. काम गर्नुपर्ने क्षेत्रः .........................................
५. आवश्यक श्रमिकको प्रकृतिः दक्ष/अर्धदक्ष/अदक्ष
६. आवश्यक श्रमिक सम्बन्धी विवरणः

| क्र.नं. | श्रमिकको पद | आवश्यक संख्या | कार्यविवरण छोटकरीमा | आवश्यक न्यूनतम शैक्षिक योग्यता, अनुभव र सीप | काम उपलब्ध हुने समयावधि(दिनमा खुलाउने |
|---|---|---|---|---|---|
| | | | | | |

रोजगारदाताको दस्तखतः

कार्यालयको छाप

**अनुसूची ७**

**(दफा ३५ को उपदफा (१) सँग सम्बन्धित) तालिम लिने प्रशिक्षार्थी बेरोजगार व्यक्तिको कबुलियतनामा**

| फोटो |
|---|

लिखितम्......................बस्ने........................... को छोरा/छोरी ..................... ..............
को नाति/नातिनी वर्ष............. को........................................ ले.......................................
प्रतिष्ठानमा ............... महिना तालीम प्राप्त गरे पश्चात तपसिल बमोजिमका शर्तहरूको अधिनमा रही कम्तीमा तीन वर्षसम्म सोही प्रतिष्ठानले उपलब्ध गराएको मेरो योग्यता र सीप अनुसारको काम गर्नेछु । यदि यस कबुलियतनामा बमोजिमको शर्त पालना नगरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

तपसिलः

१. उपलब्ध गराइएको तालीम तोकिएको मिति, स्थान र समयमा गई अनुशासित तथा जिम्मेवारीपूर्ण ढंगबाट लिनेछु।
२. आफ्नो योग्यता र सीप बढाउन तालीमबाट सिकेका कुराहरूलाई उपयोग गर्नेछु।
३. शारीरिक अपाङ्गता वा अशक्तता भएको अवस्थामा बाहेक तालीम प्राप्त गरे पश्चात काम गर्न नसक्ने गरी कम्तीमा तीन वर्षसम्म सोही प्रतिष्ठानले उपलब्ध गराएको मेरोयोग्यता र सीप अनुसारको नियमित काम गर्नेछु।

तालीम प्राप्त गर्ने व्यक्तिको दस्तखतः

| औंठा छाप | |
|---|---|
| दायाँ | बाँया |

ईति सम्वत् २०... महिना........गते........रोज..............शुभम्।

**अनुसूची ८**

**(दफा ३५ को उपदफा (२) सँग सम्बन्धित)**

**वित्तीय प्रोत्साहन लिने प्रतिष्ठानले गर्नुपर्ने कबुलियतनामा**

लिखितम् जिल्ला कपिलवस्तु, शिवराज नगरपालिका.......... वडा नं.......... स्थित .................................................. प्रतिष्ठानको तर्फबाट अख्तियार प्राप्त म÷हामी ......................................... ले देहायको विवरण भएका श्रमिकहरूलाई यस प्रतिष्ठानमा मिति ......................... गतेदेखि ............................ गतेसम्म सञ्चालन हुने ........ महिने तालीम उपलब्ध गराई तपसिल बमोजिमका शर्तहरूको अधिनमा रही कम्तीमा तीन वर्षसम्म निजहरूलाई निजहरूको योग्यता र सीप अनुसारकोनियमित रोजगारी उपलब्ध गराउन तयार छु÷छौं । यदि यस कबुलियतनामा बमोजिमको शर्त पालना नगरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

शर्तहरूः

१. तोकिएको मिति, स्थान र समयमा तालीम उपलब्ध गराउनेछु ।

२. तालीम अवधि भर तोकिएको पारिश्रमिक उपलब्ध गराउनेछु ।

३. तालीम प्राप्त गरे पश्चात प्रशिक्षार्थी श्रमिकलाई कम्तीमा तीन वर्षसम्म यही प्रतिष्ठानमा उपलब्ध निजको योग्यता र सीप अनुसारको नियमित रोजगारी उपलब्ध गराउनेछु ।

| क्र.नं. | श्रमिकको नाम, थर | ठेगाना | लाभग्राही परिचयपत्र नं. | तालिमको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

अख्तियार प्राप्त व्यक्तिको (प्रतिष्ठानको तर्फबाट)

दस्तखतः

प्रतिष्ठानको छापः

ईति सम्वत् २०... महिना........गते........रोज..............शुभम्।

**अनुसूची ९**

**(दफा ८१ को उपदफा (२) सँग सम्बन्धित)**

**शिवराज नगरपालिका**

**सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम**

१. मेयर रोजगार कार्यक्रमबारे तपाईंलाई जानकारी

क) छ ख) छैन

२. तपाईंलें मेयर रोजगार कार्यक्रमको बारेमा कसरी जानकारी प्राप्त गर्नुभयो ?

क) संचार माध्यमबाट ख) रोजगार सेवा कन्द्रबाट

ग) स्थानीय तहबाट घ) साथी भाईबाट

ङ) अन्य.........................

३. यस कार्यक्रमबाट तपाईले कुन सेवा प्राप्त गर्न खोज्नुभएको हो ?

..............................................................................................

४. यस कार्यक्रमबाट तपाईले प्राप्त गर्न खोज्नुभएको सेवा प्राप्त भयो वा भएन ?

क) भयो ख) भएन

प्राप्त नभएको भए प्राप्त नहुनुको कारण .......................................................

५. बेरोजगार दर्ता प्रक्रियासँग तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन

६. तपाईंले यस कार्यक्रमबाट रोजगार प्राप्त गर्नुभयो ?

क) प्राप्त गरे ख) प्राप्त गरिन

प्राप्त नभएको भए प्राप्त नहुनुको कारण ....................................................... प्राप्त भएको भए प्राप्त भएको दिन संख्या ................................................................ प्राप्त भएको भए रोजगारको क्षेत्र क) सार्वजनिक ख) निजी ग) गैरसरकारी क्षेत्र

७. रोजगारी प्राप्त गर्नु पूर्व अभिमुखीकरण तालिम प्राप्त गर्नुभयो ?

क) गरे ख) गरिन

८. कार्यस्थलमा भएको सुविधाबाट तपाई कति सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन

सन्तुष्ट नभएको भए कारण ......................................................................

९. रोजगार सेवा केन्द्रले प्रदान गर्ने सेवा प्रति सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन

१०. मेयर रोजगार कार्यक्रममार्फत प्रदान गरिएको समग्र सेवाप्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) धेरै सन्तुष्ट छु ख) ठिकै सन्तुष्ट छु ग) सन्तुष्ट छैन

११. रोजगार सेवा केन्द्रले प्रदान गर्ने सेवालाई सहज बनाउन के गर्नुपर्ला ?

..............................................................................................

**आज्ञाले,**

**राकेश पाण्डे**

**प्रमुख प्रशासकीय अधिकृत**